म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
म.जि.हु.का.द.नं.
३०/०६६/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्कः- १६३ २०८३ वैशाख २३ गते बुधबार 6 May 2026, Wednesday पृष्ठ ४ मूल्य रु. ५/-

**शान्ति र सद्भाव कायम गरौं ।**

**शान्ति, अहिंसा र करूणालाई जीवनमा अपनाऔं,**
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौ,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरुलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# साउन १ देखि बागमतीमा ८ मन्त्रालय मात्रै



मंगलबारको मन्त्रिपरिषद् बैठकमा सहभागी मुख्यमन्त्री तथा मन्त्रीहरु ।

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा मन्त्रालयको संख्या घट्ने भएको छ । प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशमा कायम रहेको १४ मन्त्रालयलाई घटाएर ८ वटा कायम गर्न निर्णय गरेको हो ।

आगामी साउन १ गतेबाट लागु हुने गरी प्रदेशको ६ वटा मन्त्रालयहरुलाई समायोजन गरिएको प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिए । उनका अनुसार प्रदेशमा अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय कायम रहने छन् ।

हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले उक्त निर्णय तत्काल कार्यान्वयन नगरी साउनबाट कार्यान्वयन हुने प्रवक्ता तामाङले बताए । चालु आर्थिक वर्षको अन्तिमसम्मका लागि हालकै मन्त्रिपरिषद्ले काम गर्ने र साउन १ गतेदेखि लागू हुने गरी निर्णय गरिएको उनको भनाई छ । प्रवक्ता तामाङका अनुसार आगामी आर्थिक वर्षको बजेटमा कटौतीमा परेका मन्त्रालयहरुको बजेट सिलिङ पनि नयाँ मन्त्रालयहरुको कोडमा राख्ने व्यवस्था गरिएको छ ।

'हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले साउन १ गतेसम्म बहालवाला मन्त्रिपरिषद् रहन्छ । ८ वटा मन्त्रालय बनाउने निर्णय साउन १ बाट कार्यान्वयन गर्ने निर्णय भएको छ । नयाँ बजेटको पनि ८ वटा मन्त्रालयको कोडिङ अन्तर्गत नै इन्ट्री हुन्छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले ८ वटा मन्त्रालयको नयाँ कोडिङ बनाउँछ र मातहतको कार्यालयहरुको कोडिङ बनाउँछ । नयाँ मन्त्रालयको पुनर्गठित संरचना अनुसारको बजेट कोडिङ बनाएर बजेट सिलिङ जान्छ ।' उनले भने ।

प्रदेशको प्रशासनिक संरचनालाई सुदृढ र मितव्ययी बनाउन गठित उच्चस्तरीय अध्ययन समितिले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्न सरकारलाई सुझाव दिएको थियो । सोही सुझावलाई प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको हो । पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा रहेको प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मन्त्रालयको संख्या मात्र बढेको तर कार्यसम्पादनमा प्रभावकारिता नदेखिएकोले व्यापक पुनर्संरचनाको आवश्यकता औँल्याएको थियो । साङ्गठनिक आवश्यकता र कार्य बोझ भन्दा पनि आन्तरिक दलीय सन्तुलन मिलाउन मन्त्रालय विस्तार गरिएको समितिले ठहर गरेको थियो ।

उक्त कार्यबाट प्रदेशका मन्त्रालयहरु मातहतका कार्यालयहरुको संख्या १९८ बाट घटेर १४८ मा झर्ने र प्रदेश सरकारले वार्षिक चालु तर्फ ५ अर्ब सार्वजनिक खर्च कम गर्ने अनुमान लिएको छ । चालू खर्चमा घटेको खर्च पुँजीगत तर्फ लगाउने मन्त्री तामाङले बताए । मन्त्रिपरिषद् बैठकले मन्त्रालय मातहत रहने कार्यालयहरुको कर्मचारीको व्यवस्थापनका लागि ओ एण्ड एमका लागि समिति गठन गरेको छ ।

समितिको संयोजकमा मुख्यमन्त्री कार्यालयको कानून महाशाखाका प्रदेश सचिवको रहने छन् भने सदस्यहरुमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव सदस्य-सचिव रहने व्यवस्था गरिएको छ । उक्त समितिले आवश्यक अध्ययन गरेर साउन १ गतेभन्दा अगावै मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नेछ ।

# खोलाले बगाउँदा मंगलबहादुरको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिकास्थित बागमती खोलाले बगाउँदा स्थानीय ४५ वर्षीय मंगलबहादुर रुम्बाको मृत्यु भएको छ ।

सोमबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा काभ्रे जिल्लाको खानीखोला गाउँपालिकाबाट मकवानपुरको बागमती गाउँपालिकास्थित घर फर्कने क्रममा बागमती खोला तर्ने क्रममा मंगलबहादुरलाई बगाएको थियो । बागमती खोलाले बगाएर मंगलबहादुरको शव बागमती गाउँपालिका-५, दोभानमा भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको छ ।

# मुख्यमन्त्रीको घर र निजी कार्यालयमा छापा

# कानूनी दायरामा रहेर अनुसन्धान गर : कांग्रेस संसदीय दल



कांग्रेस संसदीय दलको बैठकमा सहभागी मुख्यमन्त्री बानियाँसहित बागमती प्रदेश सभा सदस्यहरु ।

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सभाको कांग्रेस संसदीय दलले दलका नेता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँमाथि सम्पत्ति शुद्धीकरण विभागले कानूनी दायरामा रहेर अनुसन्धान गर्न भनेको छ । सोमबार साँझ ललितपुरस्थित प्रदेश सुशासन केन्द्रमा बसेको संसदीय दलको बैठकले कानूनी प्रक्रियासम्मत ढंगबाट अनुसन्धान गर्न माग गरेको हो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सोमबार मुख्यमन्त्री बानियाँको निजी निवास र कार्यालयमा छापा मारेको थियो । संविधान र कानुन अनुसारको अनुसन्धानमा सघाउने निर्णय पनि बैठकले गरेको छ । 'दलका नेतामाथि लगाइएको आरोपको संवैधानिक र कानुनी दायरामा रहेर निष्पक्ष एवम् न्यायोचित रुपमा छानबिन गर्न बैठकले निर्णय गरेको छ । कांग्रेसले अनुसन्धान प्रक्रियालाई कानुनी प्रक्रिया सम्मत बनाउन माग गरेको छ ।' संसदीय दलका सचिव प्रदेश सभा सदस्य मीनकृष्ण महर्जनले भने, 'कांग्रेस अनुसन्धानको दायरा भन्दा पर भाग्दैन । सबैलाई अनुसन्धान गर्नुपर्छ भन्ने पक्षमा कांग्रेस छ । कानुन अनुसार भएका सबै अनुसन्धानमा मुख्यमन्त्री सहित सबैले सघाउने निर्णय गरेका छौं ।'

त्यसैगरी, बैठकमा प्रदेशसभाको सभामुख चयन र मन्त्रिपरिषद् पुनर्गठन बारे पनि छलफल भएको थियो । बैठकले कांग्रेस सभापति गगन कुमार थापा र सहमहामन्त्री बहादुर सिंह लामासँग छलफल गरेर बैशाख महिना भित्रै सभामुख चयन गर्ने निश्कर्ष निकालेको छ । बैठकले प्रशासनक पुनर्संरचनाको कामलाई निर्णयमा पुऱ्याएर मन्त्रिमण्डल घटाउने निर्णय गरेको छ । उक्त कार्य बैशाख महिनामा टुंग्याउन गरी मुख्यमन्त्री बानियाँलाई जिम्मा दिने बैठकले निर्णय गरेको हो ।

बैठकले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा आयोजना छनोटका लागि निर्वाचन क्षेत्र केन्द्रीत भएर छलफल गर्ने निर्णय गरेको छ । । आगामी वर्षका लागि आयोजनाहरु छनोट गर्दा हचुवाका भरमा नगरी प्रदेशसभा सदस्यहरूको माग र भौगोलिक आवश्यकतालाई मुख्य आधार बनाइने बैठकले निर्णय गरेको छ । बजेटलाई जनमुखी र सन्तुलित बनाउनका लागि सम्बन्धित क्षेत्रका जनप्रतिनिधिको सुझाव र भूगोलको विशिष्टतालाई प्राथमिकता दिने दलको तयारी छ ।

# ४ सचिवको पदस्थापन

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले ४ जना सचिवहरुको पदस्थापन गरेको छ । प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय सरकारबाट सरुवा भई आएका ३ र प्रदेशमा कार्यरत एक सहसचिवलाई प्रदेश सचिवमा पदस्थापन गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार सहसचिव महेश भट्टराई सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको छ भने नारायण मैनाली आर्थिक मामिला तथा योजना मन्त्रालय र अनिता निरौलालाई श्रम, रोजगार तथा यातायात मन्त्रालयमा जिम्मेवारी तोकेको हो ।

संघीय सरकारले गत साता सरुवा गरेका ४ मध्ये ३ जना सहसचिव प्रदेशमा हाजिर भएका थिए भने एक जना अझै हाजिर भएका थिएनन् । प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयमा कार्यरत सचिव हेमराज भुसाल नीति तथा योजना आयोगमा जिम्मेवारी तोकिएको छ । बैठकले त्रिभुवन पार्कको सञ्चालक समितिको अध्यक्षमा चन्द्रबहादुर गोपालीलाई नियुक्ति गरिएको छ ।

## भोलि भाषा दिवस

# बागमतीमा सार्वजनिक बिदा

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा भोलि बैशाख २४ गते सार्वजनिक बिदा दिने भएको छ । बागमती प्रदेश सरकारले भाषा दिवसको अवसरमा २४ गते प्रदेशभर सार्वजनिक बिदा दिने भएको हो ।

बागमती प्रदेश राजपत्रको खण्ड ९ संख्या ९ प्रदेश राजपत्र भाग ३ अनुसार २०८२ चैत २३ गते प्रकाशित सूचना बमोजिम बैशाख २४ गते बिहीबार प्रदेश सरकारको सरकारी कामकाजको भाषा सम्बन्धी दिवसको अवसरमा बागमती प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय भएको हो । उक्त दिन प्रदेशभर सार्वजनिक संस्था तथा विद्यालय बन्द हुनेछन् । बागमती सरकारले २०८० बैशाख २४ गते प्रदेश सरकारी काम काजको भाषा सम्बन्धी ऐन कार्यान्वयन गर्दै उक्त दिनलाई भाषा दिवस मनाउँदै आएको छ ।

# हेटौँडा सिमेन्टका कर्मचारी ११ महिनादेखि तलबविहीन

समाज संवाददाता

हेटौँडा: नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौँडा-९, लामसुरेस्थित हेटौँडा सिमेन्ट उद्योग लिमिटेडका कर्मचारीहरूले विगत ११ महिनादेखि पारिश्रमिक नपाएको भन्दै आन्दोलनको चेतावनी दिएका छन् । सोमबार उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहलाई ज्ञापनपत्र बुझाउँदै कर्मचारीहरूले ११ दिनभित्र सम्पूर्ण बाँकी तलब र ज्याला उपलब्ध नगराए सशक्त आन्दोलनमा होमिने चेतावनी दिएका हुन् ।

कर्मचारीहरूका अनुसार उनीहरूले ११ महिनाको तलबका साथै १८ महिनादेखि तलबबाट कट्टा गरिएको सञ्चय कोष, १५ महिनादेखिको नागरिक लगानी कोष र १ वर्षको कर फिर्ता वापतको रकमसमेत पाएका छैनन् । एक वर्षदेखिको सट्टा बिदाको सुविधा पनि पाउन सकेका छैनन् । उद्योग विगत ५ वर्षदेखि अत्यन्त न्यून उत्पादनसहित सञ्चालनमा रहेको र हाल कुल दरबन्दीको करिब ३० प्रतिशत मजदुरले मात्र उद्योग धानिरहेको कर्मचारीहरूको भनाइ छ ।

जनशक्ति अभावका कारण कर्मचारीहरू अतिरिक्त समय काम गर्न बाध्य भए पनि निमित्त महाप्रबन्धकको स्वीकृति हुँदाहुँदै विगत ३२ महिनादेखि अतिरिक्त कार्यबापतको ज्याला भुक्तानी नगरिएको उनीहरुको गुनासो छ । व्यवस्थापनले यसअघि पटक-पटक लिखित प्रतिबद्धता र मजदुरसँग सहमति गरे पनि त्यसलाई कार्यान्वयन नगरी लत्याउँदै आएको कर्मचारीहरूको आरोप छ ।

गत चैत १२ गतेदेखि २०८३ साल बैशाख १ गतेसम्मा करिब १० करोड रुपैयाँ बराबरको सिमेन्ट उत्पादन गरेको उद्योग अहिले बन्द अवस्थामा छ । कम्पनीमा हाल करिब १३० जना स्थायी र १५० जना ज्यालादारी कर्मचारी र मजदुर रहेका छन् । निरन्तर सञ्चालन हुन नसक्नु कम्पनीको मुख्य समस्या हो । उत्पादित सिमेन्ट बजारमा विक्री गर्न नसक्नु कम्पनीको अर्को चुनौती हो ।

चैत दोस्रो सातादेखि २२ दिन उद्योगले सिमेन्ट उत्पादन गरेको थियो । उद्योगमा अहिले करिब ९० हजार बोरा सिमेन्ट स्टक रहेको बताइएको छ । उक्त सिमेन्ट विक्रीको तयारी भइरहेको उद्योग स्रोतले जनाएको छ ।

**ऋणीहरूलाई ऋण बुझाउन आउने बारेको अत्यन्त जरुरी सूचना**

यस संस्थाबाट विभिन्न मितिमा विभिन्न प्रयोजनको निम्ति ऋण लिनुभई साँवा, व्याज, हर्जना बुझाउन संस्थाबाट पटक-पटक ताकेता गर्दा संस्थाको सम्पर्कमा नआउनु हुने धितो ऋण, बचत जमानी ऋण तथा सवारी साधन ऋण (हायर पर्जेज) लिनु भएका ऋणीहरुलाई ऋण लिँदाको बखत गर्नु भएको सम्झौता अनुरूप साँवा, व्याज तथा हर्जना रकम बुझाउन संस्थामा सम्पर्क गर्नुहुन यो ३५ दिने सूचना प्रकाशित गरीएको छ । ३५ दिन भित्र संस्थाको सम्पर्कमा नआउनुहुने ऋणी सदस्य महानुभावहरूको तीन पुस्ते नामावलीसहितको विवरण सार्वजनिक गर्न संस्था बाध्य हुने व्यहोरा यसै सूचनाद्वारा अवगत गराइन्छ ।

सहयोगको लागी धन्यवाद ।
'उद्यमशिलता र पारदर्शिता: सहकारीको प्राथमिकता'

सम्पर्क:
९८५५०६८४६० (व्यवस्थापक) ०५७-४१२०७५ (कार्यालय)
९८५५०६७२८६ (अध्यक्ष) ९८५५०२२९०३ (ऋण संयोजक)
९८४५०२९७८९ (सचिव)

(नवराज खनाल)
व्यवस्थापक
**नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौँडा-९



## सम्पादकीय

# बल्भिँदै सुकुम्बासी समस्या

सरकारले काठमाडौं उपत्यकाको खोला नदी किनारका अतिक्रमित संरचना भत्काउने कार्यले सर्वत्र चर्चा पायो । राजनीतिक तथा शक्ति केन्द्रको संरक्षणमा दशकौंदेखि सार्वजनिक जमिन ओगटेर निर्माण गरिएको बस्तीमा सरकारले डोजर चलायो । यस क्रममा केही भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी प्रभावित भए । अतिक्रमित संरचना हटाउने क्रममा प्रभावित र पीडित बनेकालाई सरकारले तत्कालका लागि होल्डिङ सेन्टर बनाएर राखेको र वास्तविक सुकुम्बासी पहिचान गरेर उचित व्यवस्थापन गर्ने बताएको छ । सुकुम्बासी बस्ती भनिँदै आएको काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रका अतिक्रमित संरचना भत्काउने क्रमलाई सरकारले तिब्रता दिएपछि अहिले देशभर सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सरकारको विरोधमा प्रदर्शन गर्न थालेका छन् ।

सुकुम्बासी बस्ती खाली गराउने कामलाई सरकारले तिब्रता दिएपछि झापा, कास्की, रुपन्देही, कपिलवस्तु, दाङ, बर्दियालगायत देशका धेरै जिल्लाहरुमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जुर्मुराएका छन् । काठमाडौंमा सुकुम्बासी बस्ती भत्काएपछि त्रसित भएका मकवानपुरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले विरोध जनाएका छन् । उनीहरुले सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका हुन् । सुकुम्बासीलाई उठिबास लगाउने नभई व्यवस्थापन गर्न माग गर्दै उनीहरुले हेटौंडा-११, थानाभन्ज्याङबाट ऱ्याली निकालेर जिल्ला प्रशासन कार्यालय पुगेका थिए । काठमाडौंसँगै देशभरका सुकुम्बासीको लगत संकलन गर्न गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिएसँगै मकवानपुरका सुकुम्बासीहरु जागरुक बनेका हुन् ।

हेटौंडा-११, सिमलटार क्षेत्रमा दशकौंदेखि ठूलो संख्यामा भूमिहीन सुकुम्बासी बसोबास गर्दै आएका छन् । त्यस क्षेत्रमा दुई हजारभन्दा बढी घरधुरी लालपूर्जाको आशामा रहेको बताइँदै आएको छ । पुराना दलहरुले विगतमा पटक-पटक लालपूर्जाको आशा देखाए पनि लालपूर्जा नपाएर निराश बनेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले अहिलेको सरकारको कार्यशैलीले सशंकित समेत बनाएको छ । केही दिनमै काठमाडौंमा एक हजारभन्दा बढी घरटहरा भत्काएर नदी किनारको जमिन खाली गराएको सरकारले देशका अन्य क्षेत्रका अव्यवस्थित र अतिक्रमित बस्तीमा डोजर चलाउने त्रासले सशंकित बनाउनु स्वभाविक मान्न सकिन्छ । विगतमा राजनीतिक दलहरुले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान नगरेर भोट बैंकको रुपमा प्रयोग गरेकाले लाखौं परिवार अहिले पनि त्रास र आशमा बस्न बाध्य बनिरहेका छन् । आफ्नो दैनिक गुजाराको भरपर्दो व्यवस्था नभएका सुकुम्बासीहरुलाई सरकारले बसोबासका लागि भरपर्दो र स्थायी समाधान गरिदेला कि भन्ने आशसँगै डोजर ल्याएर बासस्थान नै भत्काइदेला कि भन्ने त्रास बढाएको छ ।

दशकौंदेखि आफ्नो नाममा दर्ता कायम भएको र आफूले उपयोग गर्दै आएको जमिनको लालपूर्जा पाउने आशामा सीमित बनिरहेको सुकुम्बासी समस्या काठमाडौंको नदी किनारको बस्ती भत्काउने क्रमसँगै देशभर बल्भने सम्भावना देखिएको छ । विगतमा विभिन्न समयमा जग्गा नापजाँचको क्रममा आफ्नो नाममा दर्ता कायम भएको जग्गाको लालपूर्जा नपाएका लाखौं परिवार छन् । सडक तथा बस्ती विकासको क्रमसँगै ऐलानी जग्गामा आवादी गरेर वा घर बनाएर व्यवसाय सञ्चालन एवम् बसोबास गर्दै आएका परिवारको संख्या पनि उतिकै छ । देशभर रहेका कुल घरधुरीमा करिब एक चौथाई लालपूर्जा नभएका जमिनमा निर्माण भएको हुनसक्ने अवस्था सहजै आँकलन गर्न सकिन्छ । देशका सबै क्षेत्रमा रहेको सुकुम्बासी तथा अव्यस्थित बसोबासको समस्याको दीर्घकालीन समाधानसँगै अतिक्रमित जमिन खाली गराउने काममा सरकारको ध्यान जानु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सानातिना वादविवादहरु सुल्झने छन् ।
**वृष** : विलासिताका वस्तुहरु खरिदमा समय बित्ला ।
**मिथुन** : धार्मिक एवम् सामाजिक काममा मन जाला ।
**कर्कट** : अध्ययन–अध्यापनका लागि दौडधूप बढ्ला ।
**सिंह** : विवाद र मतभेदसँग सजगता अपनाउनु पर्ला ।
**कन्या** : धनागममा नयाँ योजना बन्ने समय छ ।
**तुला** : शिक्षादीक्षामा मन जाने समय देखिन्छ ।
**वृश्चिक** : अधिकारी वर्गको सहयोगले काम पूर्ण हुनेछ ।
**धनु** : सामाजिक एवम् धार्मिक काममा मन जाने छ ।
**मकर** : दर्शन र अध्यात्मतर्फ मन जाने समय योग छ ।
**कुम्भ** : अप्ठ्यारो र झन्झटमा पर्न सकिने योग छ ।
**मीन** : धार्मिक एवम् सामाजिक काममा मन जाला ।

# प्रविधि, सुविधा र मानव अस्तित्वको संकट



रोहित घिताल
चार्टर्ड एकाउन्टेन्ट

नेपालमा सहकारी क्षेत्रको वित्तीय संकटका कारण हजारौं बचतकर्ता प्रभावित भएका छन् । तरलता अभाव, कमजोर नियमन र अनियमित व्यवस्थापनका कारण बचत फिर्ता प्रक्रिया अवरुद्ध भएको वर्तमान अवस्थामा 'सहकारी पुनर्संरचना कोष' स्थापना गरी तत्काल आंशिक रकम फिर्ता, दोषी सञ्चालक तथा प्रबन्धकहरूको सम्पत्ति पहिचान, जफत तथा लिलामी, चरणबद्ध भुक्तानी प्रणाली र दीर्घकालीन संरचनागत सुधारमार्फत समस्याको समग्र समाधान गर्न सक्छ ।

**१. पृष्ठभूमि तथा समस्या विवरण** :

सहकारी ऐन, २०७४ अनुसार सहकारी संस्था सदस्य-केन्द्रित वित्तीय प्रणाली हो । तर अनियमित कर्जा प्रवाह, आन्तरिक नियन्त्रणको कमजोरी, राजनीतिक हस्तक्षेप तथा प्रभावकारी अनुगमनको अभावका कारण धेरै सहकारी संस्थाहरू समस्याग्रत संस्थामा परिणत भएका छन् । हालको कानूनी संयन्त्र अनुगमन र खारेजी पर्याप्त भए तापनि ती प्रक्रियाहरूले बचतकर्तालाई शीघ्र राहत प्रदान गर्न सक्षम देखिँदैनन्, जसले तत्काल सुधारात्मक हस्तक्षेपको आवश्यकता देखिन्छ ।

पीडित बचतकर्तालाई तत्काल राहत उपलब्ध गराउँदै, सहकारी प्रणालीमा जनविश्वास पुनःस्थापित गर्नु, वित्तीय अनुशासन तथा नियामक क्षमता सुदृढ गर्नु र दीर्घकालीन रूपमा सहकारी क्षेत्रको स्थायित्व तथा विश्वसनीयता सुनिश्चित गर्नु अहिलेको बलियो सरकारको प्राथमिकतामा पर्न आवश्यक देखिन्छ ।

**२. कानूनी तथा संस्थागत आधार** :

यस सन्दर्भमा सहकारी ऐन, २०७४ ले सहकारी संस्थाको नियमन, अनुगमन तथा सदस्य हित संरक्षणको आधार प्रदान गर्दछ । साथै, अवैध सम्पत्ति पहिचान र जफतका लागि सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ प्रयोग गर्न सकिन्छ । संस्थागत रूपमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा सहकारी संघ/महासंघको समन्वयमा योजना कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

**२.१ प्रमुख कानुनी आधार**

सहकारी पुनर्संरचना कोषको स्थापना तथा सञ्चालनका लागि विद्यमान कानूनी संरचनाले पर्याप्त आधार प्रदान गर्दछ । विशेषगरी सहकारी ऐन, २०७४ ले सहकारी संस्थाहरूको सञ्चालन, नियमन, निरीक्षण तथा दायित्व निर्धारण गर्ने मूल कानुनको रूपमा कार्य गर्दछ । यस ऐनअन्तर्गत दफा ३० देखि ३५ तथा दफा ५० सम्मले सहकारी संस्थाको सदस्यप्रति उत्तरदायित्व र दायित्व स्पष्ट रूपमा तोकेको छ, जसले सदस्यको बचत सुरक्षित राख्ने तथा आवश्यक पर्दा फिर्ता गर्ने दायित्व सुनिश्चित गर्दछ । त्यसैगरी, दफा ७४ देखि ७७ तथा दफा ९५ देखि १०० सम्मले लेखापरीक्षण तथा निरीक्षण, अनुगमन सम्बन्धी प्रावधानहरू समेटेको छ, जसको प्रयोग गरी समस्या ग्रस्त सहकारी संस्थाहरूको वित्तीय अवस्था यकिन गर्न, अनियमितता पहिचान गर्न तथा सुधारका मापदण्डहरु लागू गर्न सकिन्छ ।

यसै ऐनका दफा १०४ देखि १२१ सम्मले समस्याग्रस्त सहकारी संस्थाहरूको व्यवस्थापन, पुनर्संरचना वा विघटन सम्बन्धी प्रावधानहरू प्रदान गर्दछ, जसले सरकारलाई हस्तक्षेप गरी त्यस्ता संस्थाहरूको व्यवस्थापन लिन वा पुनर्संरचना प्रक्रिया अघि बढाउन कानुनी आधार दिन्छ । साथै, दफा १२४ देखि १२६ ले कसूर तथा सजाय सम्बन्धी व्यवस्था गरेको छ, जसअन्तर्गत सञ्चालक, व्यवस्थापक वा सम्बन्धित व्यक्तिहरूले गरेको हिनामिना, ठगी वा अन्य वित्तीय अनियमिततामा कानुनी कारबाही गर्न सकिन्छ, जसले जिम्मेवार पक्षबाट क्षतिपूर्ति असुली गर्ने आधार तयार गर्दछ ।

यसका अतिरिक्त, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले अवैध रूपमा आर्जित सम्पत्तिको पहिचान, अनुसन्धान, रोक्का तथा जफत गर्ने स्पष्ट कानुनी व्यवस्था प्रदान गर्दछ । सहकारी क्षेत्रमा भएको हिनामिना वा ठगीबाट प्राप्त सम्पत्ति यस ऐनअन्तर्गत अनुसन्धान गरी रोक्का वा जफत गर्न सकिन्छ, जसले बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रियामा महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।

यसरी, उल्लिखित ऐनहरूबीचको समन्वित प्रयोगले सहकारी पुनर्संरचना कोषको प्रभावकारी कार्यान्वयन, बचतकर्ताको हित संरक्षण तथा दोषी पक्षबाट रकम असुली गर्ने प्रक्रिया कानुनी रूपमा सुदृढ र कार्यान्वयनयोग्य बनाउँछ ।

**२.२ संस्थागत समन्वय**

सहकारी पुनर्संरचना कोषको प्रभावकारी कार्यान्वयनका लागि बहु-संस्थागत समन्वय अनिवार्य रहनेछ । यस सन्दर्भमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रमुख कार्यान्वयन तथा नीतिगत नेतृत्वदायी निकायको भूमिका निर्वाह गर्नु पर्नेछ । उक्त मन्त्रालयले समस्याग्रस्त सहकारीहरूको पहिचान, पुनर्संरचना नीति निर्माण, कोष सञ्चालन कार्यविधि स्वीकृति तथा समग्र कार्यक्रमको निगरानी र मूल्यांकन गर्ने जिम्मेवारी वहन गर्नेछ । साथै, यस मन्त्रालय अन्तर्गतका नियामक संयन्त्रहरूलाई सक्रिय बनाई सहकारी संस्थाहरूको प्रत्यक्ष अनुगमन र हस्तक्षेप प्रक्रिया अघि बढाउनु पर्ने हुन्छ ।

यसैगरी अर्थ मन्त्रालय कोषको वित्तीय व्यवस्थापन तथा स्रोत सुनिश्चिततामा केन्द्रीय भूमिकामा रहनेछ । यस मन्त्रालयले बजेट विनियोजन, वित्तीय अनुशासन कायम गर्ने, विकास साझेदारहरूसँग समन्वय गरी अनुदान वा सहुलियत ऋण जुटाउने तथा कोषलाई दिगो रूपमा सञ्चालन गर्न आवश्यक नीतिगत तथा वित्तीय समर्थन गर्नु पर्नेछ । साथै, कोष सञ्चालनमा पारदर्शिता र उत्तरदायित्व कायम गर्न वित्तीय मापदण्डहरू निर्धारण तथा अनुगमन गर्ने कार्य पनि यसै मन्त्रालयबाट गर्न सकिन्छ ।

प्राविधिक तथा नियामक सहयोगका लागि नेपाल राष्ट्र बैंकको भूमिका महत्वपूर्ण रहनेछ । बैंकिङ तथा वित्तीय क्षेत्रको नियामक अनुभवका आधारमा यस संस्थाले जोखिम मूल्याङ्कन, वित्तीय पुनर्संरचना मोडेल, तरलता व्यवस्थापन तथा आवश्यक परे प्रारम्भिक सतर्कता प्रणाली विकासमा प्राविधिक सहयोग लिन सकिनेछ । साथै, सहकारी क्षेत्रको वित्तीय अनुशासन सुदृढ गर्न बैंकिङ क्षेत्रका उत्कृष्ट अभ्यासहरु हस्तान्तरण गर्न पनि यसको योगदान रहन सक्छ ।

त्यसैगरी, सहकारी क्षेत्रकै प्रतिनिधित्व गर्ने केन्द्रीय सहकारी संघ/महासंघहरूले सदस्य सहकारी संस्थाहरूबीच समन्वय, तथ्याङ्क संकलन, जनचेतना अभिवृद्धि तथा कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यी संस्थाहरूले सहकारी सदस्यहरूसँग प्रत्यक्ष सम्पर्कमा रही वास्तविक बचतकर्ताको विवरण संकलन, दावी प्रमाणीकरण तथा कार्यक्रमप्रति विश्वास अभिवृद्धि गर्न सहजीकरण गर्नेछन् । साथै, सहकारी क्षेत्रभित्र स्व-नियमन र अनुशासन कायम गर्न पनि उनीहरूको सक्रिय सहभागिता आवश्यक रहनेछ ।

यसरी, उल्लिखित निकायहरूबीच स्पष्ट जिम्मेवारी बाँडफाँड, नियमित समन्वय बैठक, तथा सूचना आदान-प्रदानको सुदृढ संयन्त्र स्थापना गरी सहकारी पुनर्संरचना कोषको कार्यान्वयनलाई प्रभावकारी, पारदर्शी तथा परिणाममुखी बनाउन सकिन्छ ।

> सञ्चालक, व्यवस्थापक वा सम्बन्धित व्यक्तिहरूले गरेको हिनामिना, ठगी वा अन्य वित्तीय अनियमिततामा कानुनी कारबाही गर्न सकिन्छ, जसले जिम्मेवार पक्षबाट क्षतिपूर्ति असुली गर्ने आधार तयार गर्दछ ।

**३. प्रस्तावित नीति हस्तक्षेप** :

**३.१ सहकारी पुनर्संरचना कोष स्थापना**

नेपाल सरकारको नीतिगत निर्णय तथा आवश्यक परे मन्त्रिपरिषद्को स्वीकृतिमार्फत 'सहकारी पुनर्संरचना कोष' स्थापना गर्नु पर्ने हुन्छ । उक्त कोष एक विशेष उद्देश्ययुक्त कोषको रूपमा सञ्चालन हुनेछ, जसको प्रमुख लक्ष्य सहकारी क्षेत्रमा उत्पन्न तरलता संकट व्यवस्थापन, पीडित बचतकर्तालाई राहत वितरण तथा समस्या ग्रस्त सहकारी संस्थाहरूको वित्तीय पुनर्संरचना गर्नु हुनेछ । कोष सञ्चालनका लागि स्पष्ट कार्यविधि, सञ्चालन समिति तथा निगरानी संयन्त्र स्थापना गरी कोषको प्रयोगलाई लक्षित, उत्तरदायी र परिणाममुखी बनाउनु पर्दछ ।

**३.२ वित्तीय स्रोत**

सहकारी पुनर्संरचना कोषको वित्तीय स्रोत बहुआयामिक हुनेछ, जसमा नेपाल सरकारको वार्षिक बजेट विनियोजन प्रमुख आधार रहनेछ । यसका अतिरिक्त विशेष राहत कोष, विकास साझेदारहरू एसियाली विकास बैंक, विश्व बैंक, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) बाट प्राप्त अनुदान वा सहुलियत ऋण, तथा सहकारी क्षेत्रकै छाता संगठनहरूको योगदान पनि समावेश गर्न सकिन्छ । यसरी सार्वजनिक र निजी दुवै क्षेत्रको सहकार्यमार्फत कोषलाई पर्याप्त स्रोतयुक्त बनाई तत्काल राहत र दीर्घकालीन असुली दुवैलाई सम्भव र व्यवहारिक बनाउन सकिन्छ ।

**३.३ तत्काल राहत भुक्तानी** :

कोष स्थापना भएपछि पीडित बचतकर्ताहरूलाई तत्काल राहत प्रदान गर्ने उद्देश्यले उनीहरूको कुल निक्षेपको करिब २५-३० प्रतिशतसम्म रकम प्रारम्भिक चरणमै फिर्ता गर्न सकिन्छ । यस प्रक्रियामा साना बचतकर्तालाई प्राथमिकता दिनु पर्नेछ, जसले आर्थिक रूपमा बढी प्रभावित समूहलाई शीघ्र राहत प्रदान गर्दछ । यस्तो आंशिक भुक्तानीले जनआक्रोश कम गर्ने, सामाजिक स्थिरता कायम राख्ने तथा सहकारी प्रणालीप्रतिको विश्वास पुनःस्थापित गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

**३.४ सम्पत्ति पहिचान तथा जफत** :

समस्याग्रस्त सहकारी संस्थाका सञ्चालक, प्रबन्धक वा सम्बन्धित व्यक्तिहरूले गैरकानुनी रूपमा संचित गरेका सम्पत्तिहरूको पहिचान गर्न एक उच्चस्तरीय अनुसन्धान समिति गठन गर्नु पर्दछ । उक्त समितिले बैंक खाता, जग्गा, सेयर, सवारी साधन लगायत सबै प्रकारका चल-अचल सम्पत्तिहरूको खोजी तथा विवरण संकलन गर्नेछ । आवश्यक कानुनी प्रक्रिया पूरा गरी अदालतबाट आदेश प्राप्त गरी ती सम्पत्तिहरूलाई रोक्का तथा जफत गर्ने कार्य अगाडि बढाउँदछ, जसले निक्षेपकर्ताको रकम असुलीका लागि आधार तयार गर्नेछ ।

**३.५ सम्पत्ति लिलामी** :

जफत गरिएका सम्पत्तिहरूलाई पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रियामार्फत सार्वजनिक लिलामीमा बिक्री गर्नु पर्ने हुन्छ । लिलामी प्रक्रिया प्रचलित सार्वजनिक खरिद नियमावली तथा वित्तीय अनुशासन सम्बन्धी मापदण्डअनुसार सञ्चालन गर्नु पर्ने हुन्छ, ताकि कुनै प्रकारको अनियमितता तथा आर्थिक हिनामिना बिना अधिकतम मूल्य प्राप्त होस् । यसरी प्राप्त भएको रकम सहकारी पुनर्संरचना कोषमा पुनः जम्मा गरिनेछ, जुन आगामी भुक्तानीका लागि प्रयोग गरिनेछ ।

**३.६ चरणबद्ध भुक्तानी** :

लिलामी तथा अन्य असुली प्रक्रियाबाट प्राप्त रकमको आधारमा बचतकर्ताहरूलाई बाँकी रकम चरणबद्ध रूपमा फिर्ता गर्नु पर्ने हुन्छ । यस क्रममा सामाजिक न्यायको सिद्धान्तलाई आधार मानी साना बचतकर्तालाई प्राथमिकता दिई, त्यसपछि मध्यम तथा ठूला लगानीकर्तालाई क्रमशः भुक्तानी गर्न सकिन्छ । यस्तो चरणबद्ध प्रणालीले उपलब्ध स्रोतको न्यायोचित वितरण सुनिश्चित गर्नेछ र दीर्घकालीन रूपमा सबै प्रभावित पक्षलाई राहत पुऱ्याउनेछ ।

**३.७ पारदर्शिता तथा डिजिटल ट्र्याकिङ** :

कोष सञ्चालनमा पूर्ण पारदर्शिता कायम गर्न एकीकृत डिजिटल प्रणाली विकास गर्नु आवश्यक हुन्छ, जसमार्फत कोषको आय-व्यय, असुली प्रक्रिया तथा भुक्तानी विवरण सार्वजनिक रूपमा उपलब्ध हुनेछ । प्रत्येक बचतकर्ताले आफ्नो दावी र प्राप्त भुक्तानीको स्थिति अनलाइनमार्फत हेर्न सक्ने व्यवस्था हुन्छ । आवश्यक परे सुरक्षित डिजिटल प्रविधिको प्रयोग गरी तथ्याङ्कको सुरक्षा सुनिश्चित गर्नु पर्ने हुन्छ । यसले कोषप्रतिको विश्वास अभिवृद्धि गर्नुका साथै सम्भावित भ्रष्ट्राचार तथा कोष दुरुपयोगलाई न्यूनिकरण गर्नेछ ।

**४. विस्तृत तथ्याङ्क संकलन, प्रमाणीकरण तथा विशेष लेखापरीक्षण** :

यस चरणमा समस्याग्रस्त सहकारी संस्थाहरूको वास्तविक दायित्व निर्धारण गर्न विस्तृत र प्रमाणमा आधारित प्रक्रिया अपनाउनु पर्दछ । यसअन्तर्गतः

- प्रत्येक सहकारीबाट बचतकर्ताको व्यक्तिगत विवरण, खाताको स्थिति, रकम संकलन;
- डबल क्लेम, फर्जी खाता वा फर्जी बचत विवरण पहिचान;
- आवश्यक परे फरेन्सिक जाँच सञ्चालन;
- डिजिटल रेकर्ड नभएका सहकारीमा भौतिक कागजातमार्फत नै पुष्ट्याइँ तथा प्रमाणमा आधारित भएर परीक्षण गर्ने गरी कति रकम कसलाई फिर्ता गर्नुपर्ने हो भन्ने यकिन आधार तयार गर्नु पर्दछ ।

५. कार्यान्वयन योजना :

पहिलो चरण : कोष स्थापना तथा कार्यविधि स्वीकृति १५ दिन । दोस्रो चरण : प्रारम्भिक वित्तीय स्रोत सुनिश्चित १५-३० दिन । तेस्रो चरण : विस्तृत तथ्याङ्क संकलन, प्रमाणीकरण तथा विशेष लेखापरीक्षण ३०-७५ दिन । चौथो चरण : आंशिक भुक्तानी (२५-३०%) ६०-९० दिन । पाँचौं चरण : सम्पत्ति पहिचान तथा जफत प्रक्रिया ७५-१२० दिन । छैठौं चरण : सम्पत्ति लिलामी तथा असुली ९० दिनपछि निरन्तर । सातौं चरण : चरणबद्ध भुक्तानी निरन्तर ।

यसरी नेपालमा सहकारी क्षेत्रको वर्तमान संकट समाधानका लागि तत्काल नीतिगत हस्तक्षेप आवश्यक देखिन्छ । यस सन्दर्भमा नेपाल सरकारले 'सहकारी पुनर्संरचना कोष' स्थापना गरी प्रभावित बचतकर्तालाई आंशिक निक्षेप फिर्ता प्रक्रिया शीघ्र सुरु गर्नुपर्छ । साथै, अनियमिततामा संलग्न सहकारी सञ्चालकहरूको सम्पत्ति पहिचान गरी जफत गर्ने प्रक्रिया कानुनी रूपमा अघि बढाउन आवश्यक छ । दीर्घकालीन रूपमा सहकारी प्रणालीलाई सुरक्षित, पारदर्शी र उत्तरदायी बनाउन सहकारी ऐन संशोधन गरी कडा नियमन तथा प्रभावकारी कार्यान्वयन व्यवस्था लागू गर्नु अत्यावश्यक छ ।

# शान्तिपूर्ण भविष्य निर्माणका लागि पत्रकारिता



रोमन पौडेल

सामान्य रुपमा राजनीति भनेको राज्यको नीति, व्यवस्थापन र संचालन गर्ने व्यवहारगत प्रक्रिया हो, जसले सर्वसाधारणको हित, सामाजिक कल्याण र राष्ट्रिय विकासको नेतृत्व गर्दछ । राजनीति समाज परिवर्तन र विकासको लागि आवश्यक सिद्धान्त, त्याग र सेवामूलक कार्य हो, जसले विभिन्न बिचारहरुलाई एकीकृत गरी देशको वृहत्तर हितमा काम गर्दछ ।

नेपाली राजनीतिको विगतको अवस्थालाई केलाउँदा संघर्ष, परिवर्तन र ठूला जनआन्दोनहरु स्मरण गरी उक्त संघर्ष, परिवर्तन र जनआन्दोलनहरुले देखाएको मार्गदर्शनलाई आत्मसात गर्न अति आवश्यक छ । नेपाली राजनीतिका विगतका कालखण्डहरु तल प्रस्तुत गरिएको छ :

२००७ सालको क्रान्तिले १०४ वर्षे जहानियाँ राणाशासन जसको शक्ति एउटै परिवारमा सीमित हुने, जनताहरुलाई अधिकारबाट बञ्चित गरिने शासन प्रणालीको अन्त्य भई प्रजातान्त्रिक युगको बिजारोपण भएको मानिन्छ । प्रजातन्त्रको अनुभूति जनताको अमूल्य मतबाट प्रथम पटक प्रतिनिधि चयन गरी जननिर्वाचित सरकारको गठनलाई लिन सकिन्छ ।

जननिर्वाचित सरकारको काम चलिरहेको समयमा उक्त सरकार र दलिय व्यवस्था अन्त्यको कठोर कम्पनले राजनीतिक स्थिरतालाई निषेध गरिएको र राजा महेन्द्रद्वारा निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात भएको कालखण्डलाई लिन सकिन्छ । राजाद्वारा गरिएको प्रथम राजनीतिक कुशासनको कारण जनमानसमा निराशा व्याप्त भएको र उक्त समयमा पनि राजनीतिक स्थिरता कायम हुन नसकेको इतिहासकारहरुले विश्लेषण गरेका छन् ।

२०४६ सालको प्रथम जनआन्दोलनले राजा महेन्द्रद्वारा ल्याइएको निर्दलीय पञ्चायती व्यवस्था अन्त्य गरी पुन : प्रजातन्त्र प्राप्त भएको हो । यस आन्दोलनले राजनीतिक स्थिरता कायम हुने आशा गरेको भएतापनि अस्थिरता र चरम राजनीतिक बेथितिले गर्दा जनताको अवस्थामा आमूल परिवर्तन आउन नसकेको कुरा जगजाहेर नै छ । यस समयमा नेपाली इतिहासमा केही घट्ना घट्न पुग्यो जसले गर्दा हाल महाकाली तिर सीमा विवाद रहेकोले सरकारको कमजोरीको रुपमा बुझ्न सकिन्छ ।

सशस्त्र द्वन्द्व र २०६२/६३ को जनआन्दोलनले जनलाई अधिकार सम्पन्न गराउने भन्दै नेकपा माओवादीले गरेको जनयुद्ध र २०६१ माघ १३ को राजाको अलोकतान्त्रिक कदमले सात राजनीतिक दल सहितको जनआन्दोलनले २४० वर्षे राजतन्त्र हटाएर नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । नेपाली जनताले छानेको प्रतिनिधि मार्फत संविधान निर्माण भयो तर प्रत्येक राजनीतिक

बाँकी पृष्ठ ३ मा...

# मेरो देश, मेरो श्वास



✍निश्चल अधिकारी

यो माटोमा मेरो आत्मा रोपिएको छ,
हावासँगै मेरो सपना बोकेको छ ।
हिमालको छातीमा सूर्य मुस्कुराउँदा,
मेरो मन पनि त्यही उज्यालोमा खुलेको छ ।

यो देश मेरो आमा जस्तै लाग्छ,
जसको काखमा पीडा पनि मिठास बन्छ ।
नदीहरू जस्तो बगिरहने समय बीच,
मेरो पहिचान यही धर्तीमै अडिन्छ ।

जहाँ रगतले लेखिएको छ इतिहास,
जहाँ आसु पनि बनेको छ विश्वास ।
त्यही भूमिमा म हुर्किएको मान्छे,
देशको नाममा बाँच्न सिकेको मान्छे ।

यदि कुनै दिन म टाढा पुगें भने पनि,
मेरो मुटु यही माटोमै धड्किरहनेछ ।
झण्डा उठ्दा गर्वले छाती फुल्नेछ,
'यो मेरो देश हो' भन्ने आवाज गुन्जिरहनेछ ।

म चाहन्छु मेरो देश सधैं अगाडि बढोस्,
अन्धकार चिर्दै उज्यालोमा डुबोस् ।
मेरो पसिना, मेरो सपना सबै यही हो,
नेपाल नै मेरो संसार, मेरो देवता हो ।

*प्रथम वर्ष, स्नातक तह, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा–२*

# लुम्बिनीको पावन भूमिमा



✍निविता लामा

लुम्बिनीको पावन भूमिमा
जन्मियो शान्तिको उज्यालो
बुद्धको करुणामय मुस्कानले
मेटायो अज्ञानको अध्यारो ।

राजसी सुख त्यागी उनले
सत्यको बाटो रोजे
दुःख र मोहको जन्जालबाट
मुक्तीको मार्ग रोजे ।

ध्यान र ज्ञान बाँडी
राम्रो ज्ञान सिकाए
लुम्बिनीमा जन्मिए यी बुद्ध
नामको अर्थ जस्तै काम
गर्छन् हाम्रा बुद्ध ।

लुम्बिनीको पावन भूमिमा
जन्मियो शान्तिको उज्यालो
बुद्धको करुणामय मुस्कानले
मेटायो अज्ञानको अध्यारो ।।

निविता लामा
कक्षा–६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल,
हेटौंडा–२

# मेरो जित, तिम्रो साथ



✍सुमन राय

मलाई हार्न नदिनु माया,
मेरो जित जरुरी छ ।

यो जीवनको यात्रामा,
तिम्रो साथ जरुरी छ ।

मलाई लड्न नदिनु तिमी,
मेरो हिँडाइ बाँकी छ।

कठिन बाटो भए पनि,
मेरो सपना बाँकी छ ।

इमान्दार भई साथ दिइरहनु,
तिम्रो माया चाहिन्छ ।

यो संसार जित्न मलाई,
तिम्रो साथ चाहिन्छ ।

कक्षा–११, (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा–२

✍प्रिन्स थापा मगर
कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल
हेटौंडा-२





## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

## विद्यार्थी परिचय



एरोन चौलागाई
कक्षा-१०
जनप्रिय मावि
हेटौंडा-१६, हटिया

एरोन चौलागाई जनप्रिय माध्यमिक विद्यालयबाट एसईई दिएर बस्नुभएको छ । उहाँको घर हेटौंडा-१७ मा रहेको छ । उहाँको घरमा बाबा, आमा, दिदी र उहाँ बस्नुहुन्छ । उहाँको बाबा सवारीचालक हुनुहुन्छ भने ममी गृहणी हुनुहुन्छ । दिदी अध्ययनरत हुनुहुन्छ ।

एसईईमा उहाँको ए प्लस आउने सम्भावना रहेको बताउनुहुन्छ । एसईईको समयमा उहाँले धेरै मिहिनेत गरेर पढ्नुभएको थियो भने विद्यालयबाट पनि बन्द प्रशिक्षणमा राखेर पढाइएको बताउनुहुन्छ । एसईई ए प्लस ल्याउनका लागि विद्यालयबाट र दिदीबाट प्रेरित भएको बताउनुहुन्छ।

उहाँको भविष्यमा राजनीतिज्ञ बन्ने सपना रहेको छ । उहाँलाई सानै उमेरदेखि देश र जनताको सेवा गर्न राजनीतिज्ञ बन्न मन लागेको थियो । साथै हालसालै सांसद बन्नुभएका प्रशान्त उप्रेती देखेर पनि अझै राजनीतिप्रति आकर्षक भएको बताउनुहुन्छ। साथै उहाँलाई आइटी फिल्डमा पनि चासो रहेको बताउनुहुन्छ ।

उहाँ कक्षा-११ मा कम्प्युटर साइन्स पढ्ने बताउनुहुन्छ । एरोनलाई कविता, लघुकथा पढ्न र लेख्न एकदमै मनपर्छ । उहाँलाई क्रिकेट खेल्न र हेर्न पनि एकदमै मनपर्ने बताउनुहुन्छ । उहाँ खाली समयमा साथीहरूसँग क्रिकेट खेल्ने गरेको बताउनुहुन्छ ।

## गौतम बुद्ध



✍इनब श्रेष्ठ

बुद्ध जयन्ती बौद्ध धर्मका अनुयायीहरुका लागि एक महत्वपूर्ण चाड हो । यो दिन बौद्ध धर्मका संस्थापक सिद्धार्थ गौतम बुद्धको जन्म ( ज्ञानोदय) र महापरिनिर्वाण (मृत्यु) को सम्झना मनाइन्छ । यो पर्व वैशाख पूर्णिमाको दिन पर्दछ । त्यसैले यसलाई वैशाख पूर्णिमा पनि भनिन्छ ।

विश्वभरका बौद्ध धर्मावलम्बीहरुले यो दिनलाई ठूलो श्रद्धा र भक्तिपूर्वक मनाउँछन् । गौतम बुद्धको जन्म लगभग २५०० वर्ष पहिले नेपालको लुम्बिनीमा भएको थियो । गौतम बुद्धको बुबाको नाम शुद्धोधन र आमा मायादेवी थिइन् । युवावस्थामा सिद्धार्थले सांसारिक सुख-सुविधा र ऐश्वर्यको जीवन बिताए तापनि उहाँको मनमा सधै जन्म रोग बुढ्यौली र मृत्यु जस्ता पीडाहरुले द्वन्द्व सिर्जना गर्‍यो ।

*कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

## शान्तिपूर्ण भविष्य...

आन्दोलनले देखाएका मुख्य मुद्दाहरु सधैं ओझेलमा परेको देखिएको छ । यसको एकमात्र मुख्य कारक तत्व नै राजनीतिक अस्थिरता भएको प्रष्ट हुन्छ ।

२०८२ भाद्र २३ र २४ को जेनेरेसन–जेड बिद्रोहले परम्परागत सत्तामा बसेर आफू अनुकूलको गठबन्धन गर्ने, भष्ट्राचार लुकाउन मद्धत गर्ने जस्ता विकृतिको अन्त्यको मार्गदर्शन प्रदान गरेर युवा नेतृत्वलाई झण्डै दुई तिहाइ सहितको सरकार गठन त भएको छ तर यसमा देखिएका चुनौतिहरु निम्नानुसार छन् :

१. सुशासन र भ्रष्टाचारको चुनौती :

ठूला भ्रष्ट्राचारका काण्डहरु र त्यसमा राजनीतिक संरक्षणको आशंकाले राज्यका निकायहरु कमजोर बनेको प्रष्ट छ ।

राजनीतिक दलभित्र योग्यता भन्दा आफ्ना मान्छे र 'चाकरी' गर्नेलाई प्राथमिकता दिने संस्कारले सुशासनमा बाधा पुर्‍याएको प्रष्ट देख्न सकिन्छ ।

२. जनविश्वासमा ह्रास र वितृष्णा :

पुराना राजनीतिक दलहरुले जनअपेक्षा पूरा गर्न नसक्दा नागरिकमा बढेको निराशा जसले गर्दा नयाँ राजनीतिक शक्तिको उदयले परम्परागत नेतृत्व र शक्तिमाथि चुनौती थपिएको देख्न सकिन्छ ।

देशमा राजनीतिक र आर्थिक भविष्य सुनिश्चित नदेखिएकाले युवा शक्ति ठूलो संख्यामा विदेश पलायन भइरहेका छन् जसलाई रोक्नु सबैभन्दा ठूलो चुनौती भएको प्रष्ट छ ।

३. संघीयता कार्यान्वयन र शक्ति संघर्ष :

अधिकार बाँडफाँड र स्रोत परिचालनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव भएको जगजाहेर विषय हो ।

नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको मागलाई पुराना राजनीतिक दलहरुले महत्वपूर्ण स्थान प्रदान गर्न नसक्नुले दलहरु विवादमा अल्झने गरेको प्रष्ट छ ।

माथि उल्लेख गरिएका चुनौतीहरुलाई वर्तमान युवा सरकारले चिर्न सके मुलुक र जनतालाई वास्तविक राजनीतिको अनुभूति भई जनतालाई वास्तविक राजनीतिको अनुभूति भई जनताको जीवनस्तरमा परिवर्तन ल्याउन र देशको वृहत्तर दिगो विकासले सम्भव हुन्छ ।


# विद्यालय बस खरिद सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

(पहिलो पटक सूचना प्रकाशन मिति : २०८३ बैशाख २३)

प्रगति माध्यमिक विद्यालय, हेटौंडाका लागि आवश्यक रहेको विद्यालय बस सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुबीच मात्र प्रतिष्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सवारी साधन उत्पादक कम्पनी वा आधिकारिक विक्रेताबाट उक्त सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको करचुक्ताको प्रमाणित कागजपत्र, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेसिफिकेसन, मूल्य गुणस्तर तथा सुविधासहित विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र विद्यालय समयमा निवेदन दर्ता गराउन सूचना आव्हान गरिएको छ । पेस गर्ने अन्तिम दिन विदा परेमा विदा पछिको विद्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ । थप जानकारीका लागि विद्यालयको इमेल: pragati.htd@gmail.com वा फोन नं. ९८५५०६८४१५ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल:

| | |
|---|---|
| साधनको नाम | School bus (1) |
| संक्षिप्त विवरण | Gross Vehicle weight not less than 7800 kg, at least 42 seats including driver, maximum rated power output not less than 112 KW at governed RPM with torque min 445 NM at governed RPM, semi-elliptical leaf sprint transmission at front and rear, Dual circuit full air S-cam brake with manufacturer fitted ABS or equivalent. |
| कैफियत | संक्षिप्त विवरणमा उल्लेख नभएका Criteria स्वीकृत Technical Specification बमोजिम हुनेछ। स्वीकृत Technical Specification का लागि विद्यालयमा सम्पर्क गर्न सकिनेछ । |

प्रधानाध्यापक
**प्रगति माध्यमिक विद्यालय**
हेटौंडा-९, पशुपतिनगर, मकवानपुर



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बाा‍झोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, मनहरी, मकवानपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति : २०८३/०१/२३ गते बुधबारको समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंक (साविकको सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण वेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०२/२७ गते मंगलबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलवन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता भुक्तान नगर्नु भएको र तोकिएको समयावधि भित्र बोलपत्र समेत प्राप्त हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमक्ता खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलवन्दी बोलपत्र प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०२/०७ गते विहिवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्ने गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| **क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :** | |
|---|---|
| **१ ऋणीः हर्क बहादुर राई** (ना.प्र.नं. ४११/०३४, जारी मिति २०६०/०१/१२, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) । स्थाई ठेगाना : चितवन जिल्ला राप्ती न.पा. वडा नं. ३, (साविक पिप्ले गा.वि.स. वडा नं. ३) ।<br>हालको ठेगाना : मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ६ ।<br>बाबु : जित बहादुर राई । बाजे : कटक बहादुर राई । | **जमानतकर्ता : रत्न लाल प्रजा** (ना.प्र.नं. ३१-०१-७०-०९१३६, जारी मिति २०७०/०९/०३, जि.प्र.का. मकवानपुर) ।<br>ठेगाना : मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ६ (साविक मनहरी गा.वि.स. वडा नं. ५) ।<br>बाबु : लुकुवा प्रजा<br>बाजे : राम बल प्रजा |
| **जमानतकर्ता : सन्त माया प्रजा** (ना.प्र.नं. ३१-०१-७३-०४६९३, जारी मिति २०७३/०४/१३, जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ६ (साविक मनहरी गा.वि.स. वडा नं. ५) ।<br>बाबु : हर्क बहादुर राई ।<br>पति : रत्न लाल प्रजा । ससुरा : लुकुवा प्रजा । | **लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**<br>**ऋणी हर्क बहादुर राई**को नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला मनहरी गा.वि.स. वडा नं. ५ नक्सा सिट ५ स्थित कि.नं. ४७४ को क्षेत्रफल ०-२-१५-० (बिगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१ |

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय, मनहरी, मकवानपुर) बाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय, मनहरी, मकवानपुरमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

### बागमती गोल्डकप-२०८३

# चित्लाङले मछिन्द्रलाई हरायो, सेमिफाइनल समीकरण पूरा



सेमीफाइनल प्रवेश गरेको चित्लाङ एफसी टिम ।

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको सेमिफाइनल समीकरण पूरा भएको छ ।

मंगलबार सहिद स्मृति रंगशालामा भएको खेलमा चित्लाङ एफसीले काठमाडौंकै मछिन्द्र एफसीलाई १-० गोलले हराएसँगै प्रतियोगिताको सेमिफाइनल खेल्ने टोलीको टुङ्गो लागेको हो ।

चित्लाङको जीतमा एरोन थापाले ८६ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । प्लेयर अफ द म्याच थापा घोषित भए । उनले १० हजार प्राप्त गरे । हारसँगै मछिन्द्र प्रतियोगिताबाट बाहिरिएको छ । मछिन्द्र छैठौं बागमती गोल्डकपको विजेता हो भने गत संस्करणको उपविजेता टोली समेत हो । सेमिफाइनल प्रवेश गरेको चित्लाङले बिहिबार सिमराको नव जनजागृति युवा क्लबसँग खेल्नेछ ।

पहिलो सेमिफाइनल खेल बुधबार हुनेछ । पहिलो सेमिफाइनलमा फ्रेन्ड्स क्लब, ललितपुर र बागमती युथ क्लब सर्लाहीबिच प्रतिस्पर्धा हुनेछ । फाइनल खेल आगामी शनिबार हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउने छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## डेंगी नियन्त्रण उपकरण हस्तान्तरण

समाज संवाददाता

हेटौंडा : डेङ्गी संक्रमण नियन्त्रण गर्न रोटरी क्लब अफ हेटौंडाले हेटौंडा-८ लाई डेङ्गी नियन्त्रण उपकरण हस्तान्तरण गरेको छ । मंगलबार वडाध्यक्ष रामकृष्ण थापालाई उपकरण हस्तान्तरण गरिएको रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

वडा नम्बर ५ र ६ मा वितरण गरिसकेको र वडा नम्बर ८ सहित अन्य वडाहरुलाई वितरण गर्न लागिएको डेङ्गी नियन्त्रण उपकरणले संक्रमित क्षेत्रहरूमा रोकथाम र नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने अध्यक्ष प्रधानले बताउनुभयो । लामखुट्टे नियन्त्रणका लागि आवश्यक उपकरणहरू फगर मेसिन, सुरक्षात्मक पोशाक स्प्रेइङ सेटहरु हस्तान्तरण गरिएको हो । उपकरण हस्तान्तरणसहित त्यसको सही प्रयोगबारे प्राविधिक अभिमुखीकरण समेत गरिएको थियो ।

उपकरण हस्तान्तरण कार्यक्रममा रोटरी क्लबका सचिव रामबाबु थापा तथा पदाधिकारीसहित रोटरी क्लब अफ मकवानपुरका पूर्वअध्यक्ष कविन सांगमीको उपस्थिति रहेको थियो । वडाध्यक्ष रामकृष्ण थापाले स्वास्थ्यका लागि स्थानीय तहले चाल्ने कदमलाई अझ प्रभावकारी बनाउन सहयोगी संस्थाहरूको समन्वय आवश्यक रहेको बताउनुभयो ।

# प्रदेश स्काउटद्वारा सरकारलाई प्रतिवेदन हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः 'स्काउट शान्ति र सुरक्षा २२५०' छलफल कार्यक्रमबाट प्राप्त सुझावसहितको विस्तृत प्रतिवेदन बागमती प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ । बागमती प्रदेश स्काउट कार्यालयले मंगलबार एक कार्यक्रमका बिच बागमती प्रदेशका सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादे र कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखाका पदम ओझालाई उक्त प्रतिवेदन हस्तान्तरण गरेको हो ।

फिनल्याण्ड स्काउट र नेपाल स्काउटको संयुक्त साझेदारीमा सञ्चालित 'फिनल्याण्ड नेपाल साझेदारी परियोजना' (एफएनपीपी) अन्तर्गत यो कार्यक्रम सञ्चालन गरिएको थियो । स्काउटका बागमती प्रदेश आयुक्त शिवकुमार तवाएनाको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्री बादेको प्रमुख अतिथ्य रहेको थियो । स्काउट्स, शान्ति र सुरक्षा (एसपीएस) परियोजना नेपाल स्काउट र फिनल्याण्ड सरकारबीचको एउटा संयुक्त प्रयास हो, जसको मुख्य लक्ष्य संयुक्त राष्ट्र संघको प्रस्ताव २२५० का सिद्धान्तहरूलाई नेपालका सातै प्रदेशका स्थानीय तह र समुदायहरूमा व्यावहारिक रूपमा लागू गर्नु रहेको छ ।

मंगलबार हस्तान्तरण गरिएको प्रतिवेदनमा बागमती प्रदेशका ८ वटा जिल्लामा सञ्चालित ११ वटा छलफल कार्यक्रमहरूको निष्कर्षलाई समेटिएको छ । ती कार्यक्रमहरूमा १७ देखि ३० वर्ष उमेर समूहका युवा, नगरप्रमुख, नगरपालिकाका कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, वातावरणविद् र स्काउटका नेतृत्वलगायत करिब ६ सय जनाको सहभागिता रहेको थियो ।

छलफलमा विभिन्न सामाजिक तथा वातावरणीय मुद्दाहरूमा केन्द्रित भई कुराकानी गरिएको थियो । अधिकांश कार्यक्रम जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनमा केन्द्रित थिए । भक्तपुर, चितवन, मकवानपुर, रामेछाप र दोलखामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू भएका थिए । लैङ्गिक हिंसा रोकथाम र रणनीतिहरूबारे काठमाडौंको चन्द्रागिरि र सिन्धुपाल्चोकमा भएको थियो । सामाजिक समावेशीकरण र अपाङ्गता अधिकारबारे काठमाडौंको बालुवाटार र चितवनमा भएको थियो । यस्तै, मानसिक स्वास्थ्य र कल्याणबारे ललितपुरमा तथा संस्थागत स्काउट सुदृढीकरणबारे काठमाडौंमा छलफल कार्यक्रम भएको थियो ।

बागमती प्रदेशमा जलवायु परिवर्तनप्रति देखिएको उच्च चासोले यस क्षेत्रमा बढ्दो वातावरणीय चुनौतीलाई दर्शाएको प्रतिवेदनमा उल्लेख छ । छलफलका क्रममा प्लास्टिकको प्रयोग, दिगो जीवनशैली, नवीकरणीय ऊर्जाको प्रयोग र फोहोर मैला व्यवस्थापनजस्ता विषयहरू उठाइएका थिए । सहभागी युवाहरूले वायु प्रदूषण, बढ्दो सहरी तापक्रम र जलवायुजन्य स्वास्थ्य जोखिमहरूलाई प्रमुख चुनौतीका रूपमा पहिचान गर्दै तिनको समाधानका लागि सरकार र समुदायको जिम्मेवारीका बारेमा चर्चा गरेका थिए । साथै, नीति निर्माताहरू र युवाबिचको अन्तरक्रियालाई अझ अर्थपूर्ण बनाउनुपर्नेमा जोड दिइएको छ ।

प्रतिवेदनमा स्काउट संस्थालाई अझ सुदृढ, समावेशी र परिवर्तनशील समाजमा सान्दर्भिक बनाउनका लागि चालिनुपर्ने कदमहरूका बारेमा पनि सुझाव दिइएको छ । युवाहरूले जलवायु परिवर्तन र लैङ्गिक हिंसाजस्ता सामाजिक विषयका साथै संस्थागत सुधारका पक्षहरूमा पनि खुलारूपमा आफ्ना धारणा राखेका छन् । यी छलफलहरूले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को 'युवा, शान्ति र सुरक्षा' ढाँचाका मुख्य सिद्धान्तहरूलाई आत्मसात गर्दै युवाहरूलाई निर्णय प्रक्रियामा सक्रिय सहभागी गराउनुपर्ने आवश्यकतालाई पुष्टि गरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन बुझेपछि आफ्नो धारणा राख्दै मन्त्री बादेले प्रतिवेदनको विस्तृत अध्ययन गरी यसका सुझावहरूलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले अहिले बजेट निर्माणको समय भएको उल्लेख गर्दै आगामी बजेटमा स्काउटका विषयहरूलाई समेट्ने बताउनुभयो । सामुदायिक विद्यालयहरूसँग स्काउटलाई जोड्न सके सक्षम र अनुशासित विद्यार्थी उत्पादन गर्न सकिने उहाँको भनाइ छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

# यु-१९ छनोट खेल्ने खेलाडीको बीमा

समाज संवाददाता

हेटौंडाः वाइवाइ यु-१९ क्रिकेटको मकवानपुर जिल्लास्तरीय छनोट प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि बिमा गर्न लागिएको छ । प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि जनही ५-५ लाख रुपैयाँ बराबरको दुर्घटना बिमा गर्न लागिएको मकवानपुर क्रिकेट संघका सचिव विनोदकुमार बानियाँले जानकारी दिनुभयो ।

संघले वाइवाइ यु-१९ पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता २०८३ का लागि जिल्लास्तरीय छनोट प्रतियोगिता आयोजना गर्दैछ । सचिव बानियाँका अनुसार यस वर्ष छनोटका लागि ६५ जना खेलाडीले नाम दर्ता गराएका छन् । नाम दर्ता गराएकामध्ये ६० प्रतिशत नयाँ खेलाडी छन् भने ४० प्रतिशत पहिला पनि छनोट प्रतियोगिता खेलिसकेका खेलाडीहरु रहेका छन् ।

छनोटका लागि नाम दर्ता गराएका खेलाडीहरुलाई ५ वटा टिममा विभाजन गरिएको छ । प्रत्येक टिमले एकअर्कासँग एकदिवसीय अभ्यास खेल्नेछ । अभ्यास खेलको प्रदर्शनका आधारमा सुरुमा २२ जना खेलाडीलाई छनोट गरिनेछ । प्रतियोगिता जेठ २ गतेदेखि ६ गतेसम्म हेटौंडा-४, हुप्रचौरमा सञ्चालन हुनेछ ।

यस वर्षको छनोट प्रतियोगिताको जर्सी प्रायोजनका लागि एक्सपर्ट भिजन कन्सल्टेन्सीसँग सम्झौता भएको सचिव बानियाँले जानकारी दिनुभयो । जर्सी प्रायोजनका लागि एक्सपर्ट भिजनसँग ४० हजार रुपैयाँमा सम्झौता गरिएको छ ।

यसैगरी प्रतियोगिताको मेडिकल पार्टनरको रुपमा सिएमसी चुरेहिल अस्पताल रहनेछ । अस्पतालले प्रतियोगिता अवधिभर मैदानमा खेलाडीहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

प्रतियोगितामा कुल ३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिता सञ्चालनका लागि नेपाल क्रिकेट संघ (क्यान) ले १ लाख रुपैयाँ उपलब्ध गारएको छ । खेलाडीहरुको नाम दर्ता शुल्कबापत ५ सयका दरले ३२ हजार ५ सय रुपैयाँ प्राप्त भएको र बाँकी खर्च संघले आफै व्यहोर्ने सचिव बानियाँले बताउनुभयो ।

# चुरे जोगाउन 'मेची-काली जनजागरण यात्रा'

समाज संवाददाता

हेटौंडाः चुरे क्षेत्रको विनाश रोक्न र राज्यलाई दबाब दिन 'चुरे तथा वनजंगल संरक्षण अभियान नेपाल'ले मेची-महाकाली जनजागरण यात्रा तथा हस्ताक्षर अभियान गर्ने भएको छ । जेठ १ गतेदेखि झापाको काँकडभिट्टाबाट यात्रा सुरु गरिने अभियानका अध्यक्ष सुनिलकुमार यादवले जानकारी दिनुभयो ।

'प्रकृति जोगाऔं, भविष्य बचाऔं' अभियानको नारा तय गरिएको छ । चुरे क्षेत्रमा भइरहेको अवैध उत्खनन र वन विनाशका कारण मधेश प्रदेशसहित सिंगो तराई क्षेत्र मरुभूमिकरण हुने जोखिम बढेकाले यसलाई रोक्न अभियान थालिएको उहाँले बताउनुभयो ।

अभियानको मुख्य एजेण्डा चुरे क्षेत्रमा भइरहेको अवैध गिट्टी-बालुवा उत्खनन र क्रसर उद्योगको नियन्त्रण, अतिक्रमित नदीनालाको संरक्षण र वनजंगल फडानी रोक्नु हो । यात्राको क्रममा चोकचोकमा पुगेर चुरे संरक्षणका लागि हस्ताक्षर संकलन गरिने र जनचेतना जगाउने अध्यक्ष यादवले बताउनुभयो ।

उहाँले जलवायु परिवर्तन र बढ्दो खानेपानीको संकटलाई ध्यानमा राखी २०७४ सालदेखि नै चुरे र वनजंगल जोगाउने अभियान सुरु गर्नुभएको हो । यसअघि उहाँले वीरगञ्जदेखि काठमाडौंसम्म ११ दिन र सप्तरीदेखि वीरगञ्जसम्म हुलाकी राजमार्गमा ११ दिन पैदलयात्रा गर्नुभएको थियो ।

यस्तै, २०८१ सालमा सप्तरीको भारदहदेखि काठमाडौंसम्म २५ दिने पैदलयात्रा गरी काठमाडौंमा १०२ दिनसम्म धर्ना दिँदा पनि सरकारले वास्ता नगरेको उहाँको गुनासो छ । आफूहरुले पटक पटक दबाबमूलक यात्रा तथा कार्यक्रमा गर्दा पनि सरकार चुरे संरक्षणको विषयमा गम्भीर नदेखिएको उहाँको भनाइ छ ।

मेची-महाकाली यात्राका क्रममा करिब १५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । उक्त खर्च सबै जनस्तरबाट चन्दा संकलन गरेर व्यवस्थापन गरिने अध्यक्ष यादवले बताउनुभयो । चुरे क्षेत्रको विनाशले भविष्यमा निम्त्याउने भयावह संकटप्रति सचेत रहन र यो महाअभियानमा साथ दिन उहाँले सबैमा आग्रह गर्नुभएको छ ।

**डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**डिभिजन वन कार्यालय**
**हेटौंडा, मकवानपुर**




Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

**फुल फर्निस्ड सटर बिक्रीमा**
हेटौंडा-४, हेटौंडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर बिक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४५१-२७०३८

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल
हेटौंडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

**डँढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डँढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ